# तलकोट गाउँपालिकाको विनियोजन ऐन

# २०७७

सभाबाट स्वीकृत मितिः२०७७।३।१४

# तलकोट गाउँपालिकाको विनियोजन ऐन

## २०७७

तलकोट गाउँपालिकाको आर्थिक बर्ष २०७७\०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः तलकोट गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम तलकोट गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तलकोट गाउँपालिकाको विनियोजन ऐन, २०७७"रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०७७\०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७\०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च,समपुरक कोष विषेश कोष र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५०२०३७८६६ (अक्षरुपी पचास करोड बीस लाख सैतीस हजार आठ सय छैसट्ठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७\०७८ को निमित्त तलकोट गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा

बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान स. | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** (प्रदेश सरकारबाट समपुरक तथा विषेश अनुदान अनुमानित) | **जम्मा** |
|---|---|---|---|---|---|---|

लाल बहादुर विष्ट
गा.पा. अध्यक्ष

लाल बहादुर विष्ट
गा.पा. अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३१३०३४०१६ | १०३३०७८५२ | ८५६९६००० | ५०२०३७८६६ |
| २ | | वडा समिति | ५६00000 | १५000000 | | २०६00000 |
| | | विषयगत शाखा | | | | |
| क) | | कृषि तर्फ | ४000000 | | | ४000000 |
| ख) | | स्वास्थ्य तर्फ | ६000000 | | | ६000000 |
| ग) | | पशु तर्फ | २000000 | | | २000000 |
| घ) | | शिक्षा तर्फ | ९४00000 | | | ९४00000 |
| ङ) | | महिला,अपा.,दलित बालबालिका,युवा लक्षित कार्यक्रम तर्फ | १५00000 | | | १५00000 |
| च) | | ग्रामिण जलस्रोत परियोजना | ५0४२१५२ | १६९५७८५0 | | २२00000२ |
| छ) | | गा.पा.भवन म्याचिग | | ८४00000 | | ८४00000 |
| ज) | | सामाजिक सुरक्षा भत्ता | ४0000000 | | | ४0000000 |
| झ) | | वडागत भवन म्याचिग | | ५५00000 | | ५५00000 |
| ञ) | | खेल ग्राम म्याचिग | | १५00000 | | १५00000 |
| ट) | | उद्योग ग्राम म्याचिग | | २000000 | | २000000 |
| ठ) | | प्रधानमन्त्री रोजगार कार्यक्रम म्याचिग | | १५00000 | | १५00000 |
| ड) | | पोषण म्याचीग | १000000 | | | १000000 |
| ढ) | | क्रमागत र नया योजना | | ३0८५000२ | | ३0८५000२ |

बहादुर विष्ट
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ण) | | विषेश अनुदान | ५000000 | | | ५000000 |
| त) | | शमपुरक अनुदान | | २१६00000 | | २१६00000 |
| थ) | | शशर्त अनुदान | १६८९00000 | | | १६८९00000 |
| | | | | | | |
| | | जम्मा | ३१३०३४०१६ | १०३३०७८५२ | | ५०२०३७८६६ |

लाल बहादुर बिष्ट
गा.पा. अध्यक्ष

लाल बहादुर बिष्ट
गा.पा. अध्यक्ष